# मिति २०७८।०२।२६ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं.१ :** Himani Trust को मिति २०७८,०२।२४ को प्राप्त पत्रानुसार कोभिड खोप उपलब्ध गराउन अनुमती माग सम्बन्धमा छलफल भयो । नेपालगन्ज ऐतिहासिक नगरमा Covid-19 को महामारीको भयाभह स्थिति थेक्न खोपको अपरिहार्यता महसुस गर्दै नेपाल सरकारको हाल उपलब्ध गराइएको परिस्थितीले हेर्दा सम्पुर्ण उमेर पुगेका नागरिकलाई खोप पूर्ण रुपले लगाउन सक्ने स्थिति नदेखिएकोले Himani Trust को प्रस्ताव यस नगरको लागि अत्यन्त सकारात्मक उपाय भएको हुँदा Himani Trust लाई सहयोगको लागि स्वागत गरी सहमति दिने निर्णय गरियो ।

**निर्णय नं.२ :** यस उप-महानगरपालिका क्षेत्रका बासिन्दालाई Covid-19 को खोपको व्यवस्था गर्नु तीनै तहका सरकारहरुको दायित्व भएकोले अन्य दातृ निकाय, गै.स.स. संस्थालाई सहयोग लागि आवाहन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ :** Covid-19 को माहामारीबाट नेपालगंज उप-महानगरपालिकाका नगरबासीलाई सुरक्षित राख्नु मुख्य दायित्व भएकोले संघिय सरकारलाई यस उपमहानगरपालिकाका जनताका लागि Himani Trust बाट हुने सहयोगलाई नगरले पाउने गरी सहजीकरण गरीदिनुहुन अनुरोध गर्ने र अन्य बैकल्पिक उपाय बाट समेत Covid-19 को विरुद्धको खोपको व्यवस्था नभएमा यस पालिकाले आफ्नो बजेटबाट समेत व्यय भार हुने गरी खोप व्यवस्था गर्न पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ :** बाल विकास केन्द्र व्यवस्थापन कार्यविधी,२०७७ मा आवश्यक सल्लाह सुझावका लागि सवै वडासँग सुझाव संकलन गरि प्राप्त सुझावहरु विधायन समितिले एकिकृत गरि आगामी बोर्ड बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.५ :** चालु आ.व २०७७।७८ को स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम अर्न्तगत विपन्न जनताका लागि खानेपानी धारा जडान गर्ने कार्यक्रमका सम्बन्धमा उप-महानगरले निर्देशक समितिको निर्णयानुसार खरिद कारवाही गरीएको अवस्थामा के कसरी वितरण तथा कार्यान्वयन गर्ने सो विषयमा तपसिलको सदस्यहरु रहने गरी कार्यदल गठन गर्ने निर्णय गरियो ।

**तपसिल :**

१. श्री डा.धवल शम्शेर राणा - नगर प्रमुख

२. श्री उमा थापा मगर - नगर उप-प्रमुख

३. श्री कौसल कुमार धोवी - कार्यपालिका सदस्य

४. श्री महाशाखा प्रमुख - सहरी विकास तथा पुर्वाधार महाशाखा

**निर्णय नं.६ :** नेपाल सरकारको विभिन्न मितिमा भएको परिपत्र अनुसार होडिङ्ग बोर्डहरुलाई पूर्णरुपमा विस्थापितगरि डिजिटल बोर्डहरुको विस्तार गर्ने भन्ने नीति बमोजिम यस नगर क्षेत्रमा हाल व्यवस्थित तथा अब्यवस्थित तवरले राखिएका प्रचार तथा विज्ञापन सामाग्रीहरु(होडिङ्ग

वोर्ड,आदी) लाई पूर्ण रुपमा विस्थाति गरि डिजिटल बोर्ड मार्फत मात्र ब्यवसायीहरुले विज्ञापन तथा प्रचार सामग्रीहरुको प्रचार गर्ने ब्यवस्थाको लागि हाल नगर क्षेत्रमा रहेका सम्पूर्ण विज्ञापन तथा प्रचार सामाग्रीहरु आगामी आ.व.०७८/०७९मा विस्थापित गर्ने र सो विस्थापित गर्नको लागि आवश्यक पर्ने बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं.७ :** नेपालगन्ज उप–महानगरपालिकाको वडा नं. २१ र २२ स्थित कान्तितालालाई निजि क्षेत्रबाट सञ्चालनगर्नको लागिवार्षिक रु.२१ (एक्काईस) लाख न्यूनतम ठेक्का अंक रहने गरि प्रत्येक २/२ वर्षमावार्षिक १० प्रतिशतका दरले ठेक्का रकम वृद्धि हुने गरि १० वर्ष अवधिकायम रहने गरि E-Bidding बाट ठेक्का सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**निर्णय नं.८ :** नेपालगन्ज उप–महानगरपालिकाले ठेक्का/भाडामा दिएका जुनसुकै ठेक्काहरुमा संचालकले कुनै संरचना थप/घट गर्नु परेमा उप–महानगरकार्यपालिकाबाट अनुमति लिई थप/घट गर्न पाउने निर्णय गरियो । साथै ठेक्का अवधि सकिएपछि निर्माण गरिएको संरचना भत्काउन नपाउने गरी नयाँ संरचना निर्माण स्वीकृती दिने निर्णय गरियो ।

**निर्णय नं.९ :** यस उप-महानगरपालिकाको चालु आ.व.२०७७।७८ को खर्च शिर्षक २२५२२ Hospital Waste management कार्यक्रम ठेक्का नं. NSMC/NCB/WO9/077/78को बिधुतको कार्य, Approach road निर्माण, पार्किङ्गमा पि.सि.सि ढलान र माटो पटान कार्य थप गर्नु पर्ने भएकाले फजिकल कन्टिजेन्सी र बचत रकमबाट सो निर्माण कार्यहरुमा खर्च हुने गरी भेरिएसन आदेश गरी कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.१० :** यस नेपालगंज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय,वडा कार्यालय तथा स्थानीय गैरु -सरकारी संस्थासँगको साझेदारीमा संचालित फोहोरमैला व्यवस्थापन कार्यक्रम पुनरावलोकन गर्नु पूर्व सो सम्बन्धी कामको मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्न श्री प्रमोद रिजाल ज्यूको संयोजकत्वमा गठित समितिले पेश गरेको प्रतिवेदन बमोजिम सम्झौता अनुरुप फोहोर उठाउन लागेको शुरुको चार महिना ५०/५० प्रतिशतको अनुपातमा संकलित शुल्क संस्था र नगरपालिका बीच बाँडफाँड गर्ने गरेको र चौथो महिना काटेपछि ७०/३० प्रतिशतको अनुपातमा संकलित शुल्क संस्था र नगरपालिका बीच बाँडफाँड गर्ने र साथै सम्झौता लागु भएको चौथो महिना देखि गैर सरकारी संस्थाले आफै तेलको व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं.११ :** यस नेपालगंज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा स्थानीय गैर-सरकारी संस्थासँगको साझेदारीमा संचालित फोहोरमैला व्यवस्थापन कार्यकम हाल १,२,४,५,६,९,१३र २० मा संचालनमा रहेको छ ।यद्यपी कार्यकम संचालन गर्दै जाँदा

## मिति २०७८।०२।२६ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

विभिन्न किसिमका, हालको सम्झौता रद्ध गर्ने र सम्झौताका बुँदाहरु पुनरावलोकन गरी २०७८ श्रावन १ गते देखि लागु हुने गरी नयाँ सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२ :** यस कार्यपालिकाको मिति २०७७।०९।०२ गतेको निर्णय नं. १४ बमोजिम वडा नं. ७ र वडा नं. ११ मा फोहोरमैला व्यवस्थापन कार्यक्रम गर्न भनी शान्ती सम्बृद्धि र विकासका लागि स्वच्छ तथा हरित नेपाल नेपालगंज बाँकेलाई छनौट गरिएको भएता पनि यस कार्यालयसँग प्रयाप्त मात्रमा फोहोर बोक्ने साधन नभएकोले साधनको उपलब्धता भए मात्र सम्झौता प्रकृया अगि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१३ :** नेपालगंज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय १० नं. वडा कार्यालय र स्वच्छ नेपाल हाम्रो अभियान संस्थासँग मिति २०७७।०५।१७ गते भएको फोहोरमैला व्यवस्थापन सम्झौता बमोजिम तथ्याङ्क संकलन तथा बोरा बाल्टीन वितरण गरिएको भएता पनि यस कार्यालयसंग प्रयाप्त परिमाणमा फोहोर बोक्ने गाडि नभएको हुनाले यस सम्झौता अनुरुप घरधुरी तहबाट फोहोर उठ्न नसकेकि शूल्क पनि संकलन नभएकोले सो संस्थासंग सम्झौता रद्ध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४ :** आ.व. २०७६।०७७ का योजनाहरुको कार्यन्वयनका लागि स्थानीय पुर्वाधार साझेदारी कार्यकम,एकल खाता शिर्षक बाट निकासा हुने कार्यकमहरु, संघीय सरकारद्वारा हस्तान्तरीत कार्यकम र प्रदेश सरकार द्वारा हस्तान्तरीत कार्यकमहरुको हकमा असार १५ गते भित्र र नगरस्तरीय योजना तथा वडा स्तरीय योजनाको हकमा असार २५ गते भित्र आर्थिक प्रशासन शाखामा भुक्तानीका लागि कागजात पेश गर्ने गरी सबै शाखा महाशाखा तथा वडा कार्यालयमा पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५** : यस उप-महानगरपालिका द्वारा गठित विषयगत समितिहरुमा थप समिति निर्माणका लागि आवश्यक कानुन निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६** : यस उप-महानगरपालिकाको ८०-२० योजनाबाट बर्षातले असर पर्ने अति आवश्यक कार्यहरु र धम्बोझी बाटरपार्क मा डुडुवा नहर राप्तीको पानी ल्याउने योजनाहरु संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७ :** यस उप-महानगरपालिकाको चालु आ.व.२०७७।७८ को सघींय शर्शत अनुदान अन्तरगत स्वीकृत वार्षिक कार्यक्रम सघींय सरकारको महामारी रोकथाम कार्यक्रम सिमानाकामा हेल्पडेक्स स्थापनाको लागि भौतिक संरचना निर्माण ठेक्का नं. NSMC/NCB/WO8/077/78 को बिभिन्न थप कार्यहरु गर्नु पर्ने भएकाले फजिकल कन्टिजेन्सीबाट सो निर्माण कार्यहरुमा खर्च हुने गरी भेरिएसन आदेश गरी कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.१८ :** यस नेपालगञ्ज उपमहानगरपालिकाको विधेयक समितिबाट पेश भएवमोजिम **"शिक्षक दरबन्दी मिलान कार्यविधी,२०७७"** स्वीकृत गर्ने निर्णय गरियो |